# स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण कार्यशालाको प्रतिवेदन

## गेरुवा गाउँपालिका, बर्दिया

<u>सहयोग</u>

लुम्बिनि प्रदेश प्रशिक्षण प्रतिष्ठान

<u>आयोजक</u>

गेरुवा गाउँपालिका

<u>प्रशिक्षण संयोजक</u>

आर.डि.एम. कन्सल्टेन्सी प्रा.ली. काठमाण्डौ

बिषयसूचि

१. पृष्ठभुमि (Background) ........................................................................ 3

२.उद्देश्य (Objectives) ........................................................................ 5

३.कार्यक्रमको मुख्य उपलब्धिहरु (Outputs Delivered) .............................................. 6

४. विधि(Methodology) ........................................................................ 6

५ समस्या तथा चुनौतिहरु (Issues and problems observed)..................................... 7

६ मुख्य निर्णय तथा सुझावहरु (Key Decisions/Recommendations) .......................... 8

७. सिकाई(Learning) ........................................................................ 9

८. समग्रमा कार्यशाला/तालिमको मुल्याङ्न (Workshop Evaluation) सहभागीहरुको सिकाईको स्तर, शिक्षण विधिको प्रभावकारीता, कार्यक्रमको उद्देश्य प्राप्तिको अवस्था आदि................... 10

९ भनाईहरु (Testimonials)........................................................................ 10

अनुसुचि १:कार्यशालाको विषयवस्तु........................................................................ 11

अनुसुचि २: लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा (लैससास) स्थानीय तहको सवल र सुधार गनुपर्ने पक्षहरु, अवसर  र चुनौतीहरु........................................................... 11

अनुसुचि ३: गेरुवा गाँउपालिकाको लैससास प्रवद्धनको लागि कार्ययोजना........................... 12

अनुसुचि ४: सहभागीको विवरण: गेरुवा गाँउपालिका................................................ 14

अनुसुचि ५: कार्यक्रमको फोटो........................................................................ 16

**मिति २०७८ आषाढ १३ र १४ गते**

**स्थान गाँउपालिका हल**

## १. पृष्ठभुमि (Background)

नेपालको संविधान अनुसार स्रोत तथा साधनहरुमा सबैको समान अधिकारको अवसरसहित तिन तहका सरकार सहितको संघिय राज्यको रुपमा नेपालको पुर्नसंरचना भएको पृष्ठभुमिमा प्रदेश र स्थानिय सरकारहरु लाई स्थानिय स्तरमा दिगोपना, समावेशीता र जवाफदेहिता को परिकल्पना गरिएको छ । समावेशि र समानताका आधारित समाजलाई समृद्धि र सामाजिक न्यायका साथ संवर्धन गर्न संविधानको सपना अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार पनि स्थानीय सरकारले योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन गर्दा महिला, बालबालिका, दलित, युवा, आदिबासी जनजाति, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक बिषयविज्ञ, स्थानीय वुद्धिजिवी, सिमान्तकृत एवं लोपोउन्मुख समुदाय आदि लगाएतका सरोकारवालाहरुको धेरै भन्दा धेरै सहभागिता गराउनु पर्दछ भन्ने विषयलाई महत्वपुर्ण मानेको छ ।

गेरुवा गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा रहेको छ । चिसापानी क्षेत्रबाट कर्णाली नदी दुई दिशा छुट्टिएको छ । कर्णाली नदी दुईतिरबाट भएर जाँदा बिचमा बनेको टापुमा गेरुवा गाउँपालिका रहेको छ । यो गाउँपालिका पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ । गाउँपालिकाबाट बर्दिया राष्ट्रिय निकुञ्जको मनोरम दृश्य तथा निकुञ्जका वन्यजन्तु (बाघ, भालु,

हात्ति, मृघ आदि) अवलोकन गर्न पाइन्छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका पाताभार, गोला, पशुपतिनगर र मनाउ गा.वि.स समावेश गरी जम्मा ६ वडाहरू कायम गरी गेरुवा गाउँपालिका घोषणा गरिएको हो ।[1]

यो गाउँपालिका समुद्री सतहबाट १४५ मिटरदेखि १८० मिटरसम्मको उचाइमा फैलिएको छ । त्यसैगरी ७८.४१ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा बर्दिया राष्ट्रिय निकुञ्ज, पश्चिममा राजापुर नगरपालिका, उत्तरमा कैलाली जिल्ला र दक्षिणमा राजापुर नगरपालिका रहेका छन् । २०६८ को जनगणना अनुसार यस गाँउपालिकाको कुल जनसंख्या ४०,६५४ रहेको छ जसमध्ये पुरुष २०,८६४ र महिला १९,७९० जना रहेका छन् । जनजातिहरुको बाहुल्यता ( करिब ६६ प्रतिसत) रहेको  यस गाँउपालिकामा २१.७ प्रतिसत बाहुन क्षेत्री ७.३ प्रतिशत दलित रहेका छन् ।

बर्दिया जिल्लामा नर्या गठन भएका गाँउपालिकाहरुमा विकासको राम्रो सम्भावना बोकेको गाँउपालिकाको रु[2]पमा गेरुवा गाँउपालिका रहेको छ । यसका अतिरिक्त यहाँका सचेत राजनैतिक दल र उत्प्ररित गाँउपालिका बासि समेत दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन् । तराई क्षेत्रमा रहेको यस गाउँपालिकामा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानिमा कृषी व्यवसायको सबैभन्दा ठुलो हिस्सा रहेको छ । र स्थानिय बासिन्दाको आम्दानीको अन्य मुख्य श्रोतहरुमा साना व्यापार, सेवामुलक व्यवसाय,नोकरि साथै वैदेसिक रोजगारि पनि एक हो । अधिकांस घरमा विद्युतिकरण भएतापनि केहि सीमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतिय उपभोगको पहँचमा पुग्न सकिरहेका छैनन् ।

विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिहरुको अभाब, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिदैन ।

[1] Source Geruwa RM , Census 2068
[2] Reference: Geruwa Gaunpalika Profile

यस गेरुवा गाउँपालिकामा प्रचुर सम्भावना हुँदाहुँदै पनि आर्थिक तथा सामाजिक विकास सुचकांकमा सोचेअनुरुप अगाडि वढ्न सकिरहेको छैन । नगरपालिकाका हरेक योजना तथा निति निर्माणका चरणहरुमा व्यापक जनसहभागिताको सुनिश्चितता गर्दै हरेक  योजना तथा आयोजनाहरुमा स्थानीयहरुको अपनत्व गराउनु महत्वपुर्ण हुन्छ । समुदायमा रहेका सम्पुर्ण वर्गहरुको सहभागितामा मात्र नेपाल सरकार तथा स्थानीय सरकारहरुले निर्धारण गरेका विकासका लक्ष्यहरु प्राप्त गर्न सकिन्छ ।

यस गाँउपालिकाले गर्ने हरेक योजना, आयोजनाको बिकास, कार्यान्वयन, मुल्याङ्कनमा सबैको अर्थपुर्ण सहभागिताको सुनिश्चिततालाईृ मध्यनजर गर्दै लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरणका मुद्दाहरुलाई सम्बोधन गर्ने, नीति निर्देशिकाहरुको निर्माण गर्ने सवालमा यस गाँउपालिकाको क्षमता अभिवृद्धीमा सहयोग गर्नको लागि गेरुवा गाउँपालिकामा लुम्बिनि प्रदेश प्रशिक्षण प्रतिष्ठान तथा यस गेरुवा गाउँपालिकाको संयुक्त आयोजनामा यो दुई दिने कार्यशालाको आयोजना गरिएको हो ।

## २.उद्देश्य (Objectives)

- गेरुवा गाउँपालिकामा लैंगिक समानता तथा समाजिक समावेशीकारणको (लै.स.सा.स) अवधारणा लाई सरल र व्यवहारिक रुपमा बुझाउने ।

- गेरुवा गाउँपालिकामा अनुशिक्षण सहित गेरुवा गाउँपालिकाको लै.स.सा.समा हालको अवस्था विश्लेषण गरी सुधारका लागि कार्ययोजना निर्माण गर्न सहजिकरण गर्ने ।

- गेरुवा गाउँपालिकाको नीति, कानुन, संस्थागत संरचना, कार्यक्रम, योजनाका सबै प्रक्रियाहरुमा महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सहयोग गर्ने ।

- लैससासका मुद्दाहरुलाई संपूर्ण विकास प्रक्रियामा समावेश गर्ने र महिला तथा पिछडिएका समुदायहरुको व्यक्तिगत र सामुहिक सशक्तिकरण गर्दै विकासका कार्यक्रमको लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गराउन सहयोग गर्ने ।

## ३.कार्यक्रमको मुख्य उपलब्धिहरु (Outputs Delivered)

- गेरुवा गाउँपालिकामा लैंगिक समानता तथा समाजिक समावेशीकारणको मुलप्रवाहिकरणको विषयमा विस्तृत रुपमा छलफल नभएको अवस्थामा यो कार्यशाला निकै फलदायी रहेको

- गेरुवा गाउँपालिकाका प्रमृख, उपप्रमुख तथा कार्यकारी अधिकृत बाट आगामि कार्यक्रम र वजेटमा लैंगिक समानता तथा समाजिक समावेशीकारण मुलप्रवाहिकरणको लागी विशेष ध्यान दिने प्रतिवद्वता ।

- गेरुवा गाउँपालिका प्रमुख र कार्यकारी अधिकृतबाट निकट भविष्यमा  लैंगिक समानता तथा समाजिक समावेशीकरण समिती गठन गर्ने र उक्त समिती लाई नगरपालीकाको लैससासको क्षेत्रमा परिचालन गर्ने प्रतिवद्वता ।

- लैंगिक समानता तथा समाजिक समावेशीकारणको मुलप्रवाहिकरणका विषयहरुलाई सम्वोधन गर्नको लागी यस नगरपालिकाको लै. स. सा. स सम्बन्धि निती तथा निर्देसिका तयार गर्ने प्रतिवद्वता  ।

- गेरुवा गाउँपालिकाको कार्यशालामा सहभागीहरुलाई लैंगिक समानता तथा समाजिक समावेशीकारणको (लै.स.सा.स) अवधारणा लाई सरल र व्यवहारिक रुपमा बुझ्न सहयोग पुगेको

## ४. विधि(Methodology)

- प्रबचन
- छलफल /अन्तरक्रिया

- अनुभव आदान प्रदान
- समुह कार्य
- भूमिका अभिनय
- घटना विश्लेषण
- प्रस्तुती

लुम्बिनी प्रदेश प्रक्षिण प्रतिष्ठानको कार्ययोजना बमोजिम यस प्रतिष्ठानको अगुवाई एवं गेरुवा गाउँपालिका को आयोजनामा २ दिने लैङ्गिक समानता तथा समावेशिकरणको अवधारणालाई सरल र व्यवहारिक रुपमा बुझाउने उद्देश्यका साथ कार्यशालाको आयोजना गरियो । स्थानीय जनप्रतिनिधिहरु -अध्यक्ष उपादध्यसहित) नगरपालिकामा कार्यरत कर्मचारीहरु गरी जम्मा २२ जनाको सकृय सहभागिता रहेको उक्त २ दिने कार्यशालामा सामाजिक समावेशिकरणको क्षेत्रमा रहेका चुनौतिहरुको समिक्षा गर्दै कार्ययोजना समेत बनाउने काम भयो । कार्यशालाका श्रोतव्यक्तिले सम्बन्धित विषयवस्तुहरुसँग सम्बन्धित तथ्यगत धारणाहरु राख्दै लै.स.सा.स. बिना विकासको धारमा सिमान्तकृत वर्गको पहुँच सम्भव नरहेको कुरा उल्लेख गर्नुभयो । अनौपचारिक रुपमा सबै सहभागिहरुको सकृय सहभागिता रहेको यस कार्यशालाले यस गेरुवा गाउँपालिकालाई एउटा सामाजिक समावेशीकरणको बाटोमा यात्रा गर्न अभिप्रेरित गऱ्यो । कार्यशालामा सिकाई गतिविधिका लागि अबलम्वन गरिएका प्रकृयाहरु तथा पद्धतिहरु सहभागी केन्द्रित थिए । सहभागीहरुले एक आपसमा गरेका अनुभव आदानप्रदान र समुह समुह बनाएर समस्या, त्यसका समाधान र अवसरका विषयमा गरिएको छलफल निकै प्रभावकारि विधी रह्यो ।

## ५ समस्या तथा चुनौतिहरु (Issues and problems observed)

- लैंगिक समानता तथा समाजिक समावेशीकरण सम्बन्धि राष्ट्रिय तथा अन्राष्ट्रिय नीति नियमका बारेमा बुझाईको कमि ।

- पिछडिएका समुदाय कार्यक्रमहरुमा सहभागितामा चासो नदिनु ।

- बजेटमा भौतिक विषयहरुलाई मात्र प्राथमिकता ।

- विभीन्न समितीहरमा रहेका लक्षित वर्गहरुले सक्रियता पुर्वक काम नगर्नु ।

- आर्थिक रुपमा कमजोर समुदाय ।

- परम्परा एवं रितीरीवाजमा परिवर्तन नहुनु, समुदायमा जनचेतनाको कमिले जातिय भेदभाव ।

- लैंगिक समानता तथा समाजिक समावेशीकारणको मुलप्रवाहिकरणका लागी आवस्यक वजेट उपलब्ध नहुनु ।

- पितृसत्तात्मक सोच र सामाजिक कुरुती ।

- लैससास सम्वन्धित कार्यक्रमहरुको कार्यान्यवयनको कमि ।

## ६ मुख्य निर्णय तथा सुझावहरु (Key Decisions/Recommendations)

- गेरुवा गाउँपालिकामा आ. व. २०७८।७९ भित्र लैंगिक समानता तथा समाजिक समावेशीकारण समिती गठन एवं परिचालन गर्ने ।

- गेरुवा गाँउपालिकामा लैंगिक समानता तथा समाजिक समावेशीकारण मुलप्रवाहिकरण नीति तथा निर्देशिका २०७९ असोज मसान्त सम्म तयार गर्ने ।

- २०७८ श्रावण महिना सम्म लैंगिक समानता तथा समाजिक समावेशीकरण सम्पर्क व्यक्ति चयन गर्ने ।

- यस कार्यशाला बाट पहिचाहन गरिएका व्यबहारिक समस्याको क्रमिक समाधानको लागी पहल गर्ने ।

- लैससास सम्बन्धि कार्यक्रमहरु महिला विकाश शाखाको अगुवाईमा अगाडि बढाउने ।

- यस कार्यशालाबाट पहिचाहन गरिएका समस्याहरुको समाधानको लागि गाँउपालिका बाट क्रमिक रुपमा पहल गर्दै जाने।

## ७. सिकाई(Learning)

- गेरुवा गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकारणको मुल प्रवाहिकरणको विषयमा यस कार्याशाला पछि सहभागीहरुमा लैससासको महत्वको बारेका स्पष्टता भएको ।

- गेरुवा गाउँपालिकामा लैंगिक समानता तथा समाजिक समावेशीकरणको मुल प्रवाहिकरणको लागी कुनै नीति तथा निर्देशिकाहरु नभएको अवस्थामा यस कार्यशालाबाट लैससासका निती निर्देशिका बनाउन मार्गदर्शन भएको ।

- गेरुवा गाउँपालिकामा लैंगिक समानता तथा समाजिक समावेशीकरणको मुल प्रवाहिकरणका लागी नीति निर्माण कार्य देखि नै व्यापक जनसहभागीता जुटाएमा लिईएका लक्ष्यहरु छीटो पुरा गर्न सकिन्छ भन्ने प्रष्टता भएको।

- दिगो विकासको लागी बस्ती स्तर देखि नै लैससासको विषयलाई समेट्नुपर्ने रहेछ भन्ने जानकारी भएको ।

## ८. समग्रमा कार्यशाला/तालिमको मुल्याङ्ंन (Workshop Evaluation) सहभागीहरुको सिकाईको स्तर, शिक्षण विधिको प्रभावकारीता, कार्यक्रमको उद्देश्य प्राप्तिको अवस्था आदि

कार्यशाला भन्दा अगाडि सहभागिहरुमा लैंगिक समानता तथा समाजिक समावेशीकरणको मुल प्रवाहिकरणको विषयमा खासै जानकारी नरहेको र करिब १२ प्रतिशतले मात्र यो बिषयको बारेमा सतही रुपमा जानकार रहेको पाइयो। यस कार्यशालामा प्रयोग गरिएका विधीहरुमध्ये अनुभव आदानप्रदान र छलफल विधी निकै प्रभावकारी रहेका थिए । हरेक सहभागीहरुलाई सहभागितामुलक विधीवाट आफ्ना ज्ञानहरुको आदानप्रदान तथा लैंगिक समानता तथा समाजिक समावेशीकारणको मुलप्रवाहिकरणको लागि रचनात्मक सुझाब प्रदान गर्ने अवसर प्रदान गरिएको थियो । कार्यशाला को उद्देस्य स्थानीय तहमा लैंगिक समानता तथा समाजिक समावेशीकारणको (लै.स.सा.स) अवधारणा लाई सरल र व्यवहारिक रुपमा बुझउने , अनुशिक्षण सहित  गेरुवा गाउँपालिकामा लै.स.सा.समा हालको अवस्था विश्लेषण गरी सुधारका लागि कार्ययोजना निर्माण,  नीति,  निर्देशिका निर्माणमा मार्गदर्शन सहयोगी भूमिका खेलेकोले यस कार्यशाला सफल रहेको निष्कर्ष यस कायशाला सहगागिहरुको रहेकोछ ।

साथै कार्यक्रमको अन्त्यमा गरिएको समिक्षा एवं मूल्याङ्कन दस्तावेजहरुले समेत यस कार्यशाला सफल रहेको प्रमाणित गर्दछ ।

## ९ भनाईहरु (Testimonials)

समय समयमा यस प्रकारका कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गरेमा सुनमा सुगन्ध हुन्छ । लै स सा स सम्बन्धि कार्यक्रम अझ समुदायमा स्तरका व्याक्तिलाई पनि दिन जरुरी छ । यति मात्र कार्यक्रमले सबैमा परिवर्तन आउदैन । समाजमा समेत परिवर्तनको खाचो छ समाजमा भएको महिला,पुषस लाई हेर्ने नकारात्मक दृष्टी परिवर्तन हुन जरुरी छ । र यो कार्यक्रम कुना कुना गर्न जरुरी छ । **राजु खत्री कार्यपालीका सदस्य**

यो कार्यक्रम सान्दर्भिक छ ,यो कार्यक्रम हल्का रुपमा नलिउं र कति पटक महिला समेत आफैमा सक्रिय भएको पाइदैन । महिला तथा पिछडिएका वर्गहरुमा पहिला हाम्रो पनि समान अधिकार हो भन्ने चेतना खुल्नु पर्‍यो । यस्ता कार्यकमहरु वडा स्तरसम्म नै हुनुपर्छ । **हिमा चौधरी उपाअध्यक्ष**

### अनुसुचि १:कार्यशालाको विषयवस्तु

- लैससास सम्बन्धी अवधारणा
- लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी प्रावधानहरु
- लैससास मुलप्रवाहीकरणमा स्थानीय सरकारको भुमिका
- लैङ्गिक उत्तरदायि बजेट
- योजनाका ७ चरणहरुमा लै. स.सा.स. मूलप्रवाहीकरण
- लैससासमा स्थानिय तहको सवल पक्ष सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीको विष्लेषण गर्ने
- अवस्था विश्लेषणको आधारमा रणनीति, क्षमता विकास योजनाहरु समावेशगरि आगामी १ वर्षको लै. स.सा.स. मुलप्रवाहीकरण सम्बन्धि कार्ययोजना तयारी

## अनुसुचि २: लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा (लैससास) स्थानीय तहको सवल र सुधार गनुपर्ने पक्षहरु, अवसर र चुनौतीहरु

| **लैससासमा सवल पक्षहरु** | **सुधार गनुपर्ने पक्षहरु** |
|---|---|
| *गेरुवा गाउँपालिकामा विभिन्न कुरुती, कुप्रथा र* | *लै.स.सा.स.को विषयमा स्थानिय स्तरमा* |

| | |
|---|---|
| परम्परा बिरुद्व गाँउपालिकाले जनचेतनामुलक कार्यक्रमहरु गर्दै आएको छ । | जनचेतनामा कमि देखिएकोले जनचेतना अभिवृद्वि गर्नुपर्ने । |
| गेरुवा गाउँपालिकामा निती निर्माण तहमा महिला,दलित हरुको लैङ्गिक प्रतिनिधित्व कायम गरेको छ। | गेरुवा गाउँपालिकामा लैससास सम्बन्धि नीति निर्देशिका निर्माण गरि लै.स.सा.स.को यथासिघ्र कार्यान्वयन गर्नुपर्ने। |
| गाँउपालिकाले नितीनिर्माण तह देखि कार्यान्वयन तह सम्म नै ब्यापक जनसहभागितामा योजना सम्पन्न गर्ने गरेको छ । | लै.स.सा.स.को समस्या सुनुवाईको लागी छुट्टै संयन्त्रको निर्माण नभएकोले यसको लागि आवस्यक पहल गर्नु पर्ने देखिएको । |
| **अवसरहरु** | **चुनौतीहरु** |
| गेरुवा गाउँपालिकाको कार्यक्षेत्रमा लै.स.सा.स. मार्फत जनसहभागिता अभिवृद्वी गरि विकास निर्माणकार्यमा सामाजिक अपनत्व बोध गराउन सकिने देखिन्छ । | गाँउपालिकाका कार्यसमिति तथा जनप्रतिनिधीहरुबाट भौतिक विकासलाई प्राथमिकता दिने, भौतिक विकाशलाई मात्र विकास ठान्ने परम्परा रहनु। |
| गाँउपालिकामा पिछडिएका वर्गलाई उनिहरुको हक अधिकारको बारेमा सुसुचित गराई उनिहरुलाई पनि विकाशको मुल प्रवाहमा समेट्न सकिन्छ । | बजेटमा सामान्य खर्च तथा पुजिगत खर्च धेरै रहेकाले लैससासका कार्यक्रम सफलकार्यान्वयनको लागि प्रयाप्त बजेटको अभाव रहने। |
| गेरुवा गाउँपालिकामा विपन्न तथा पिछडिएका समुदायलाई आरक्षण तथा सुविधाहरु उपलब्ध गराएर समानुपातीक आर्थिक विकास गर्न सकिन्छ। | स्थानिय स्तरमा व्याप्त रुढीबादी परम्परा तथा कुप्रथाको अभासलाई परिवर्तनमा कठिनाई रहने गरेको छ। |

## अनुसुचि ३ः गेरुवा गाँउपालिकाको लैससास प्रवद्धनको लागि कार्ययोजना

| क. | क्रियाकलाप | कसरी गर्ने | कहिले गर्ने | जिम्मेवार | आवश्यक | कैफियत |
|---|---|---|---|---|---|---|

| स. | | | | व्यक्ति | बजेट | |
|---|---|---|---|---|---|---|
| १ | गेरुवा गाँउपालिकामा लै.स.सा.स समिति गठन एवं परिचालन | *सरोकारवालहरु को भेला र कार्यपालिकामा छलफल* | *आ.ब. २०७८/०७९ को असार मसान्त भित्र* | *उप-प्रमुख* | | |
| २ | गेरुवा गाउँपालिकामा लै.स.सा.स नीति, निर्देशिका निर्माण | *सरोकारवालहरु को भेला र कार्यपालिकामा छलफल* | *आ. ब. २०७८/०७९ को असार मसान्त सम्म* | *महिला शाखा प्रमुख* | | |
| ३ | गेरुवा गाउँपालिकामा लै.स.सा.स. सम्पर्क व्यक्ति चयन गर्ने | *कार्यालय प्रमुखले तोक्ने* | *२०७८ असोज महिना भित्र* | *कार्यालय प्रमुख* | | |
| ४ | खण्डीकृत तथ्याँक संकलन व्यवस्थापन गर्ने | *तथ्याङ्क संकलन गरी त्यसलाई सबैले देख्ने ठाउँमा राख्ने* | *आगामी असोज मसान्त सम्म* | *कम्प्युटर प्राविधिक* | | |
| ५ | लै.स.सा.स मुल प्रवाहिकरण कार्यशाला वाट सुझाईएका पक्षहरुको सुधार कार्य | *योजना तथा बजेटमा समावेस गरेर* | *आ.व. २०७८/०७९* | *कार्यपालिका* | | |

## अनुसुचि ४: सहभागीको विवरण: गेरुवा गाँउपालिका

| क्र.स. | नम | पद | सम्पर्क नं | लिङ्ग | | | सामाजिक समावेशिकरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म | पु | अन्य | बा. क्षे.ठ. | जनजाति पहाड/तराई | दलित पहाड/तराई | मधेशी | मुस्लिम | अन्य पछाडि परेका सुदायहरु | अपाङ्गता भएकाव्यक्तहरु |
| १ | जमानसिंह के. सि | गाँउपालिका अध्यक्ष | ९८५८०३८१११ | | ✓ | | | | | | | | |
| २ | हिम कुमारि चौधरि | गाँउपालिका उपाअध्यक्ष | ९८५८०३७१११ | ✓ | | | | ✓ | | | | | |
| ३ | बिस्णु प्र गुरुङ्ग | प्रमुख प्रसासकिय अधिकृत | ९८५८०९०४४१ | | ✓ | | | ✓ | | | | | |
| ४ | कुलनारायण चौधरि | अधिकृत छैठौ | ९८५८०३८११० | | ✓ | | | ✓ | | | | | |
| ५ | तिर्थ बहादुर सिह | लेखा प्रमुख | ९८५८०६०ण्६३ | | ✓ | | | | | | | | |
| ६ | धर्म प्रकाश थारु | वार्ड अध्यक्ष | ९८५८०३८१२२ | | ✓ | | | ✓ | | | | | |
| ७ | बल बहादुरर चलाउने | वार्ड अध्यक्ष | ९८५८०३८११९ | | ✓ | | | | | | | | |
| ८ | दयाराम बध थारु | वार्ड अध्यक्ष | ९८५८०३८१२१ | | ✓ | | | ✓ | | | | | |
| ९ | आलोक कुमार थारु | वडा अध्यक्ष | ९८५८०३८११८ | | ✓ | | | ✓ | | | | | |
| १० | अनुप कुमार थारु | प्राविधीक | ९८७९६६६०४८८ | | ✓ | | | ✓ | | | | | |
| ११ | खगेन्द्र आचार्य | प्राविधिक | ९८६४९६९५४८ | | ✓ | | | | | | | | |
| १२ | राजुबढुवाल खत्री | का.पा. सदस्य | ९८४८०५७२०७ | ✓ | | | | | | | | | |
| १३ | मोडिला सर्मा पौडेल | का.पा. सदस्य | ९८४८३७१३९६ | ✓ | | | | | | | | | |
| १४ | सान्ति चौधरि | का.पा. सदस्य | ९८६८०४१८५७ | ✓ | | | | | | | | | |
| १५ | चन्द्ररुपा कामी | का.पा. सदस्य | ९८६४९३०२८२ | ✓ | | | | | ✓ | | | | |
| १६ | पुनाराम थारु | वार्ड अध्यक्ष | ९८५८०३८१२० | | ✓ | | | ✓ | | | | | |
| १७ | रामबाबु कार्की | पालिका सहजकर्ता | ९८५८०८००४१ | | ✓ | | | | | | | | |
| १८ | प्रकाश शर्मा | आई टि अधिकृत | ९८५८०३८०३३ | | ✓ | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | नवराज अधिकारि | शिक्षा प्रमुख | ९८४६३६०२५३ | | ✓ | | | | | | | | |
| २० | पुर्ण बहादुर शार्की | रोजगार सहायक | ९८५८०३१३५० | | ✓ | | | | | | | | |
| २१ | हरि बहादुर थारु | स्थानिय समाज | ९८४८०८१२४१ | | ✓ | | | | | | | | |
| २२ | बिनीता वि. क. | स्थानीय नागरिक समाज | ९८१६५६५१५७ | ✓ | | | | | ✓ | | | | |
| | **जम्मा** | | | ६ | १६ | | | ८ | २ | | | | |

**जनप्रतिनिधिको संख्याः .१०** **कर्मचारीको संख्याः..९** **अन्यःसहभागीकोसंख्याः. ३ बाहुन , क्षेत्रि ठकुरि . १०** **जनजाति पहाड तराई . ९**
**दलित पहाड तराई . ३ मधेसि . ७ मुस्लिम . ०**

**अन्य पछाडि परेका समुदाय . ० अपाङ्गता भएका व्यक्ति हरुः ०**

## अनुसुचि ५: कार्यक्रमको फोटो



*कार्यक्रमको फोटो : सहभागीहरु लैससास बारे अर्न्तकृया गदै*




*तस्विर १ : उप प्रमुख श्री हिम कुमारि चौधरि २ दिने कार्यसाला को समापन गर्नुहुदै*